नगर उपप्रमुख बिना कार्की ज्यूले

दुल्लू नगरपालिकाको १३ औं नगरसभाको वैठकमा प्रस्तुत गर्नु भएको

दुल्लू नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को

# बजेट वक्तव्य

## दुल्लू नगरपालिका

दुल्लू, दैलेख

२०८० असार १० गते

**यस गरिमामय तेह्रौं नगरसभाका सभाध्यक्ष ज्यू**

**नगरसभाका सदस्य ज्यूहरु,**

**नगरसभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम दुल्लू नगरपालिकाको नगर उप प्रमुखको हैसियतले **"समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान; ऐतिहासिक, पुरातात्त्विक सम्पदाको संरक्षण र बिकास हाम्रो अभियान"** भन्ने मूल नाराकासाथ सञ्चालन हुन गईरहेको यस दुल्लू नगरपालिकाको तेह्रौं नगरसभाको वैठकमा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस अवसरमा लोकतन्त्रको प्राप्ति तथा संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा गरिएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।साथै विभिन्न समयमा जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै स्थानीय तहको दोश्रो कार्यकालको लागि सम्पन्न भएको निर्वाचन पश्चात गठन भएको स्थानीय सरकारको एक वर्ष व्यतीत भईसकेको छ । विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ ले थला परेको आर्थिक अवस्था, न्यून आन्तरिक आयको कारण सङ्घीय सरकार र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने परिस्थिती तथा सिमित श्रोत साधनहरुको उपयोग मार्फत जनताका असिमित चाहना र आवश्यकताहरुको परिपूर्ति गर्दै स्थानीय सरकारलाई जनताको नजिकको सरकारको रुपमा स्थापित गर्नु हाम्रो सामु चुनौतिको रुपमा रहेको परिप्रेक्ष्यमा विगत १ वर्षमा प्राप्त भएका अनुभवहरुको आधारमा नगरबासीको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक रुपान्तरण लगायत सुशासन, सेवा प्रवाह, पूर्वाधार विकास, सामाजिक समावेशीकरण, रोजगारी सिर्जना, गरिबी न्यूनिकरण, वातावरण संरक्षण, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, दिगो विकास, विपद जोखिम व्यवस्थापन, आन्तरिक आम्दानीमा वृद्धि, विकासका प्रतिफलहरुको समानुपातिक वितरण, विकासका लागि साझेदारी जस्ता विषयहरुलाई प्राथमिकतामा राखी विकेन्द्रीकरणको अवधारणा बमोजिम आगामी आर्थिक वर्ष २०८०।०८१ को वजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम नगर कार्यापालिकाको बैठकबाट योजना तर्जुमा कार्यतालिका तय गरी सोही दिग्दर्शन बमोजिम निम्न प्रक्रिया अपनाईएको छ ।

क) आन्तरिक आयको अनुमान,

ख) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट अनुदान, राजस्व बाँडफाँड तथा रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त,

ग) श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिबाट वजेट तथा कार्यक्रमका प्राथमिकता निर्धारणका आधार तथा विधि तयार, कूल बजेट अनुमान, सीमा निर्धारण र वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गरी सवै वडाहरुमा जनसंख्या, भूगोलका आधारमा न्यायोचित रुपमा बजेट बाँडफाँट,

घ) सवै वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्वन्धी अभिमुखिकरण,

ङ) वस्ती स्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

च) वडास्तरवाट योजना छनौट तथा प्राथमिकीकरण,

छ) विषयगत समितिबाट योजना र कार्यक्रमहरुको विषय क्षेत्रगत वर्गीकरण र प्राथमिकीकरण,

ज) लक्षित वर्गको उत्थान तथा विकासमा जोड सहित समावेशीकरण हुने गरी बजेट तथा कार्यक्रमहरुको बाँडफाँट र प्राथमिकीकरण,

झ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकवाट वजेट तथा कार्यक्रमको प्राथमिकिकरण सहितको प्रस्ताव तयार गरी कार्यपालिका समक्ष पेश,

ञ) नगर कार्यपालिकाको वैठकमा बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृतिका लागि नगर सभामा पेश

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान (२०७२), चालु पन्ध्रौं पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, नगरपालिकाको मध्यकालिन खर्च संरचना तथा आगामी वर्षको नीति तथा कार्यक्रम, विभिन्न राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार, वुद्दिजिवीहरु तथा विकास साझेदारहरुबाट प्राप्त सुझावहरु, नगरपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत निम्न आधारहरु लिईएको छ :

क) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने,

ग) आन्तरिक आय, राजश्व परिचालन र वृद्धिमा योगदान पुर्याउने,

घ) सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

च) लैगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्याउने,

छ) दिगो विकास, वातावरण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,

ज) जलवायू परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने,

झ) दुल्लू क्षेत्रको धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वका सम्पदाको संरक्षणमा योगदान पुर्याउने,

ञ) दुल्लू क्षेत्रको पर्यटकीय विकास गर्ने,

ट) पोषण तथा खाद्य सुरक्षामा सहयोग पुर्याउने,

ठ) स्वास्थ्य सेवालाई प्रभावकारी एवम् विस्तारित वनाउने,

ड) शिक्षालाई प्राविधिक एवम् व्यवहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउने,

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष ०७९।८० को हालसम्मको बजेट तथा कार्यक्रमको संक्षिप्त समीक्षा तथा हालसम्मका प्रमुख उपलव्धीहरुको संक्षिप्त विवरण प्रस्तु गर्ने अनुमति चाहन्छु ।

१. दुल्लू नगरपालिकाको चालु आ.व. मा विषयगत निकाय बाहेक विनियोजन गरिएको कुल अनुमानित वजेट रु ९६ करोड ८३ लाख ०३ हजार २ सय १५ रुपयाँ पैसा ७१ मध्ये हाल रु ७९ करोड ६० लाख २७ हजार ५ सय ६० रुपयाँ ३६ पैसा कुल आम्दानी भएको छ ।

२. उल्लेखित रकम मध्ये हालसम्म यस नगरपालिकाको खातामा चालु तर्फ रु ४८ करोड ४० लाख ३९ हजार ५ सय १३ रुपयाँ पैसा ०२ र पुंजीगत तर्फ रु २३ करोड ०१ लाख ०३ हजार ५ सय ११ रुपयाँ पैसा ५५ ट्रान्सफर भएकोमा चालु तर्फ रु ४१ करोड ०७ लाख १३ हजार ७ सय ७८ रुपयाँ पैसा ०४ र पुंजीगत तर्फ १७ करोड ५१ लाख १८ हजार ०३ सय ९५ रुपयाँ पैसा ९२ खर्च भएको छ।

३. हालसम्म यस नगरपालिकाको चालु तर्फ ६६।०९ प्रतिशत र पुंजीगत तर्फ ५०।४८ प्रतिशत खर्च भई नगरपालिकाको संचित कोषमा रु ८ करोड ४० लाख ८७ हजार ०६ सय २० रुपयाँ पैसा ७९ मौज्दात रहेको छ ।

४. चालु आर्थिक वर्षमा आन्तरिक आम्दानी रु ७० लाख संकलन हुने प्रक्षेपण गरिएकोमा हालसम्म रु ४४ लाख १५ हजार ६ सय ९३ रुपयाँ पैसा ४९ संकलन गरिएको छ ।

५. चालु खर्च तर्फको रकम नगरपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धि शीर्षकमा खर्च भएको छ भने पूजिगत खर्च तर्फको रकम नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएकोछ।

६. चालु आर्थिक बर्ष २०७९।०८० मा हालसम्म प्राप्त प्रमुख उपलव्धीहरु देहाय अनुसार रहेका छन् :

६.१. संघीय सरकारको सहयोगमा तल्लो डुङ्गेश्वर- दुल्लू सडकको नाउलेदेखि रातीमाटा खण्डमा १० कि.मी. कालोपत्रे ४ कि.मी. ग्रावेल गरिएको छ ।

६.२. संघीय सरकार तथा कर्णाली प्रदेश सरकारको सहयोगमा माथिल्लो डुङ्गेश्वर दुल्लू सडकको वैकदेखि सातखम्व खण्डमा ७ कि.मी. कालोपत्रे गरिएको छ ।

६.३. संघीय सरकार, सडक वोर्ड नेपाल र नगरपालिकाको साझेदारीमा वारतडी, शान्तीबजार, कीर्तिखम्व सडकको स्तरोन्नती गरिएको छ ।

६.४. सडक वोर्ड नेपालसँगको साझेदारीमा शान्तिवजार सानगाँउ सडकको स्तरोन्नती गरिएको छ ।

६.५. कर्णाली प्रदेश सरकारको सहयोगमा तितेपाल्त-कालाखोला-मालिगाढ सडक वडापोखरा-शान्तिवजार सडक, कृष्णकोट सानगाँउ सडक र पिपलघारी पादुका सडकको स्तरोन्नती गरिएको छ ।

६.६. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP-कर्णाली पाइलट) सँगको साझेदारीमा दुल्लू नगरपालिका वडा नम्वर २ मा ग्रीन हाउस निर्माण तथा काफलपानी, पानसेन, सिमलतोली पहिरो नियन्त्रण, वडा नम्वर १, २ र ४ लाइ समेटिनेगरी शान्तिबजार, पातिकान्ला, भानेश्वर, देउतीचौर सडक स्तरोन्नती, वडा नम्वर ६ मा पुसाकोट, सूर्यचोक, वडा कार्यलय देखि तल्लो डुङ्गेश्वर सडक स्त्तरोन्नति वडा नम्वर ११ मा मालीगाड, तोराँया कालेखोला सडक स्तरोन्नती र वडा नम्वर १२ मा वडा कार्यालय देखि गौडा सडकको स्तरोन्नती गरिएको छ । उक्त आयोजनाहरुमा ३.८ किलोमिटर कच्चि सडक स्तरोन्ती र ३.६ किलोमिटर पक्कि नाली निर्माण सम्पन्न हुनुका साथै, ३९४ जना विपन्न तथा वेरोजगार ब्यक्तिहरुले कम्तिमा ४० दिनका दरले रोजगारी प्राप्तगरेका छन ।

६.७. कर्णाली प्रदेश सरकारको सहयोगमा मालिगाढ-गमौडी सडक, तल्लो डुङ्गेश्व-लुजै सडक, लम्सु-दह सडक, तोराया-कयलकुना-वैक सडक र घियाँतिदु-रनुखाना-सातखम्व सडक स्तरोन्नती गरिएको छ भने संघीय सरकारको सहयोगमा वारतडी-तोलीडोक्राँ सडक र सातखम्व-डिठ्ठाधारा सडक स्तरोन्नती गरिएको छ ।

६.८. चुप्रा-हाँची नयाँ सडक निर्माण गरिएको छ ।

६.९. छामघाट खोलाको कयलकुनामा दुल्लू नगरपालिका वडा नं. ११ र नारायण नगरपालिका वडा नं. ९ जोड्ने पक्की पुल निर्माण भईरहेको छ ।

६.१०. कर्णाली प्रदेश सरकारको नवप्रवर्तन सझेदारी कोषसँगको साझेदारीमा सञ्चालित **पञ्चकोशी क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा विकास सम्वन्धी परियोजना** अन्तरगत पञ्चकोशी क्षेत्रका विभिन्न स्थानहरुमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न हुनेगरी पूर्वाधार विकास लगायत पञ्चकोशी क्षेत्रको प्रचार प्रसारका कार्यहरु भईरहेका छन् ।

६.११. यसै आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न हुनेगरी दुल्लू साँस्कृतिक संग्राहलय पौवाको भवन मर्मत कार्य भईरहेको छ ।

६.१२. कर्णाली प्रदेश सरकारो सहयोगमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न हुनेगरी पादुका र धुलेश्वरमा रु १ करोड ५० लाखमा धरमशाला निर्माणको कार्य भईरहेको छ ।

६.१३. कर्णाली प्रदेश सरकारको नवप्रवर्तन सझेदारी कोषसँगको साझेदारीमा सञ्चालिन **स्वच्छ नगरपालिका, स्वस्थ नागरिक, स्थानीय रोजगारीका लागि फोहोरलाई मोहर कार्यक्रम** अन्तरगत दुल्लू नगरपालिका वडा नं. ८ मा फोहरमैला प्रशोधन केन्द्र निर्माण कार्य भईरहेको छ ।

६.१४. पञ्चकोशी पूर्वाधार विकास कार्यक्रम संघ तथा प्रदेश सरकारको कार्यक्रममा समावेश गरिएको छ ।

६.१५. आशा र उत्थान परियोजनासँगको साझेदारीमा १३ वटा साना सिंचाई योजना सम्पन्न भएका छन् ।

६.१६. कीर्तिखम्व चोक र कीर्तिखम्व ठूलधारा सडक स्तरोन्नती गरिएको छ ।

६.१७. वारतडीमा वहुउद्देश्यीय जल परियोजना निर्माण कार्यको संघ तथा प्रदेश सरकारबाट स्वीकृत भएको छ ।

६.१८. १२ स्थानमा सडक वत्ति जडान गरिएको छ ।

६.१९. लोहोरे खोला दुल्लू नगरपालिका १३ र गुराँस गाँउपालिका जोड्ने गरी २ वटा वान्द्रेखोला र काउलेखोला झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ ।

६.२०. पञ्चकोशी क्षेत्र र दुल्लू नगरपालिका विभिन्न वजार क्षेत्रहरुमा सिसिटिभि क्यामरा जोड्ने कार्य यसै आर्थिक वर्ष भित्र सम्पन्न हुनेगरी प्रक्रियाको शुरुवात गरिएको छ ।

६.२१. मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरुको उपचार व्यवस्थापनका लागि सिएमसी नेपाल सँगको साझेदारीमा शहरी स्वास्थ्य केन्द्र बिनायक र दुल्लु अस्पतालमा मानसिक समस्याको उपचारबाट यस नगरपालिकाका ३०० भन्दा बढी ब्यक्तिहरुलाई मानसिक स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

६.२२. नेत्र ज्योती संघसँगको साझेदारीमा विजया माध्यामिक विद्यालय दुल्लूमा निशुल्क आँखा उपचार शिविर सञ्चालन गरी ७०० जनाको चेकजाँच, १५८ जनाको आँखाको अपरेशन र २८ जनालाई आँखाको उपचारको लागि सुर्खेत पठाईएको छ।

६.२३. गुणस्तरिय बिशेषज्ञ स्वास्थ्य सेवा सहित छिमेकी पालिका र जिल्लाको रेफर सेन्टरका रुपमा बिस्तार गरी सेवा प्रदान गर्नका लागि दुल्लु अस्पतालको भौतिक संरचना र आवश्यक औजार उपकरणहरुको व्यवस्थापन गरी निक साईमन ईन्सिच्युटको समन्वयमा दुल्लु अस्पतालमा मिति २०७९ पुस १८ गतेबाट अप्रेशन सेवा संञ्चालन गरिएको छ हालसम्ममा सि एस १४ सहित १२० वटा भन्दा बढी सामान्य शल्यक्रिया सेवा प्रदान गरिएको छ ।

६.२४. **मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघात विरामीहरुलाई मासिक औषधि उपचार बापतको खर्च उपलव्ध गराउने कार्यविधि, २०७८** बमोजिम २१ जनालाई मासिक ५ हजार उपलव्ध गराईएको छ ।

६.२५. काठमाण्डौ मेडिकल कलेजसँगको समन्वयमा बिशेषज्ञ स्वास्थ्य शिविर संञ्चालन गरी करिव २ हजार ५ सय ब्यक्तिहरुको स्वास्थ्य परीक्षण तथा उपचार गरिएको छ ।

६.२६. संघीय तथा कर्णाली प्रदेश सरकारका विभिन्न निकायहरुको सहयोगमा विजया नमूना मावि खालीचाखा, लक्ष्मी आवि बस्नेपाटी, सरस्वती देवी मावि वैक, नरेश्वर उद्यमशील विध्यालय, भानु मावि तोरायाँ, पञ्चदेवल आवि तल्लीपाँउ, कालिका आवि साहुवाडा, पञ्चेश्वरी आवि लुजै, पञ्चकोशी वेदविद्याश्रम नाभिस्थान र सरस्वती मावि कृष्णकोटमा विद्यालय भवन निर्माण गरिएको छ ।

६.२७. महेन्द्र जयदेव मावि छिउडिपुसाकोट र कालीका देवी मावि हाडेआवतमा विज्ञान प्रयोगशाला र प्रेमदेवी मावि धामीगाँउ, ज्वाला मावि गमौडी र सरस्वती देवी मावि वैकमा पुस्तकालय स्थापना गरिएको छ ।

६.२८. पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा अध्ययनरत ५२ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ ।

६.२९. पञ्चकोशी वहुप्राविधिक शिक्षालय दुल्लू, प्राकृतिक श्रोत व्यवस्थापन कलेज विनायक, दुल्लू ईन्जिनियरिङ्ग कलेज र द्रोणाचल क्याम्पस दुल्लूमा भवन निर्माण, छात्रवास निर्माण लगायत अन्य पूर्वाधार विकासका कार्यहरु भईरहेका छन् ।

६.३०. यस नगरपालिकाको वडा नं. ४, ६ र ११ मा सुन्तला पकेट क्षेत्र छनौट भई कार्यान्वयन भईरहेको छ ।

६.३१. कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) बाट २८१, पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेख र यस नगरपालिकाको साझेदारीमा १५ र यस नगरपालिकाबाट ८ गरी जम्मा ३०४ घरधुरीमा वाख्राको खोर निर्माण गरिएको छ ।

६.३२. तयार नेपालको सहयोगमा दुल्लू नगरपालिका वडा नं. ६ मा रष्टिक स्टोर निर्माण गरिएको छ ।

६.३३. दुल्लू नगरपालिका वडा नं. १० गमौडीमा र वडा नं. ५ रिजुमा वाख्रा पकेट तथा वडा नं. ६ खर्चेगैरा र वडा नं. १० मुल्कीमा तरकारी पकेट कार्यक्रम सञ्चालन गरिएको छ ।

६.३४. कर्णाली प्रदेश, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम, तयार नेपाल र दुल्लू नगरपालिकाको साझेदारीमा तल्लो डुङ्गेश्वरमा तटवन्धन तथा पानसैन, वजाड, गगनज्योती, नाउलेकटुवाल र टिमुरगाँउमा ठूला पहिरो नियन्त्रण कार्य भईरहेको छ ।

६.३५. स्थानीय जलवायु अनुकुलन योजना (लापा) को अद्यावधिक गरिएको छ ।

६.३६. २०७९ असोजमा परेको पानीको कारण विपदमा परेका १४५ परिवारलाई राहत सामाग्री तथा ३७८ जनालाई नगद सहयोग उपलव्ध गराईनुका साथै करिव १ करोड ३० लाखको १३ वटै वडाका सडकहरु मर्मत कार्य सम्पन्न गरिएको छ ।

६.३७. भकारी परीयोजनाबाट ३८ जनालाई जनही १५ हजार १ सयका दरले नगद सहयोग र ३१ जनालाई खाद्यान्न सहयोग उपलव्ध गराईएको छ ।

६.३८. नगरपालिकाको फोहोर मैला व्यवस्थापन तथा सडक स्तरोन्नती कार्य प्रभावकारी वनाउनको लागि १ वटा ट्रिप्पर र १ वटा रोलर खरिद गरी सञ्चालनमा ल्याईएको छ ।

६.३९. विजया साहित्यिक उद्यानको व्यवस्थापन गर्नुका साथै सोहि स्थानमा देशभरीका ८० जना साहित्यकारहरुको उपस्थितीमा साहित्यिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

६.४०. अपाङ्ग प्रोफाईल तयार गरी १९९६ जना अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरिएको छ ।

६.४१. एभरेष्ट क्लवको पावर ४ परियोजना अन्तरगत नगरपालिकाको साझेदारीमा यस नगरपालिकाका ४ वटा विद्यालयका ६४ जनालाई छात्रवृत्ति प्रदान, ५ वटा शौचालय निर्माण र ४० जनालाई रोजगारमूलक तालिम प्रदान गरिएको छ ।

६.४२. जनतासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत सवै स्वास्थ्य संस्थाहरुको माग अनुसारको आवश्यक सामाग्रीहरु स्वास्थ्य संस्थालाई उपलव्ध गराईएको छ भने १३ वटै वडाका १५७ जना एकल पुरुषहरुलाई विभिन्न सामाग्रीहरु हस्तान्तरण गरिएको छ ।

६.४३. जनतासँग नगर उपप्रमुख कार्यक्रम अन्तर्गत दुल्लू नगरपालिकाका ३९ जना जेष्ठ नागरिकहरुलाई बलान्केट र छाता, ४० जना एकल जेष्ठ महिलाहरुलाई कपडा, १३ जना ग

वर्गको अपाङ्गता परिचयपत्र प्राप्त र १३ जना विपन्न असहायलाई वडागत छनौट गरी सम्मान तथा नगद हस्तान्तरण गरिएको छ ।

६.४४. फोहोर मैला संकलन र व्यवस्थापन गर्न २ जना कर्मचारी नियुक्त गरी कार्य प्रारम्भ गरिएको छ ।

६.४५. ३९६ जना भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन गरी निस्सा वितरण कार्य सम्पन्न भएको छ ।

६.४६. कर्णाली प्रदेश प्रमुख, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा नेपाल सरकारका गृह सचिव ज्यूको उपस्थितीमा यस नगरपालिकाको विकास निर्माण तथा शान्ति सुरक्षा व्यवस्थापनका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

६.४७. नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको गरिब परिवार अन्तिम सूचीको आधारमा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट छपाई भई यस नगरपालिकालाई प्राप्त भएको गरिब परिवार परिचय पत्र वडा नं. १०,११,१२ र १३ का १७४ जनालाई वितरण गरीसकिएको छ भने बाँकी वडाहरुमा पनि यसै आर्थिक वर्ष भित्र वितरण गर्ने व्यवस्था गरिनेछ ।

६.४८. भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९मा गरिएको व्यवस्था अनुसार यस नगरपालिकाको भूउपयोग क्षेत्रको वर्गीकरण गरी कार्यान्वयनका लागि सम्वन्धित निकायमा पठाईएको छ ।

६.४९. गुठी समस्या समाधानका लागि गुठी संस्थानका अध्यक्ष सहितको उपस्थितीमा गोष्ठी गरी समस्या समाधानका लागि आवश्यक पहल भएको छ जसको परिणाम् स्वरुप गुठी संस्थानबाट वैकिङ्ग धितोका लागि नेपाल राष्ट्र वैंकलाई पत्राचार भएको जानकारी प्राप्त भएको छ भने विद्युत मिटर सहज प्राप्तिका लागि नेपाल विद्युत प्राधिकरण दैलेख वितरण केन्द्रलाई समेत गुठी संस्थानबाट पत्राचार भई सो कार्यको कार्यान्वयन भईसकेको छ ।

६.५०. दैलेख जिल्लामा भएका विभिन्न धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकीय तथा पुरातात्त्विक महत्वका स्थानहरुको फोटोहरु सहितको विवरण समेटेर नेपाली र अंग्रेजी दुवै भाषामा पुस्तक र क्यालेण्डर समेत प्रकाशन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्षमा हालसम्म प्राप्त क्षेत्रगत उपलव्धीहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ७. <u>आर्थिक विकास क्षेत्र तर्फ :</u>

### ७.१. कृषि विकास तर्फ

७.१.१. ८० प्रतिशत अनुदानमा मागमा आधारित तरकारी बिउ तथा सामाग्री वितरण कार्यक्रम संचालन गर्दा दुल्लू नगरपालिकाका १३ वटै वडाका लगभग ५०० भन्दा बढी कृषक घरधुरीहरु लाभान्वित भएका छन्।

७.१.२. ०७८।०७९ मा स्थापना भएका तरकारी पकेट कार्यक्रम बाट प्लाष्टिक घरमा तरकारी खेती मार्फत आयआर्जनमा वृद्दि गरी कृषकहरुको जिवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।

७.१.३. दुल्लू नगरपालिकाका १३ वटै वडाका ७५०० भन्दा बढी कृषकहरुको घरधुरी अनलाईन इन्ट्री गरिएको छ ।

७.१.४. कृषि तथा पशुपन्छी तथ्यांक संकलन र अध्यावधिक गर्ने कार्य अन्तिम चरणमा छ ।

७.१.५. नयाँ सुन्तलाजात फलफूल बाली पकेट विकास कार्यक्रमबाट लगभग १०० वटा कृषक घरपरिवारहरु लाभावन्तित भई आयआर्जनमा वृद्दि हुने अपेक्षा गरिएको छ ।

७.१.६. दुल्लू नगरपालिका र कृषि विकास कार्यालय दैलेखको साझेदारीमा एक स्थानीय तह एक वालीवस्तु उत्पादन विशेष कार्यक्रम अन्तरगत तरकारी खेती कार्यक्रम संचालनबाट १२० वटा कृषक घरधुरी लाभान्वित भएका छन्।

### ७.२. पशुपंक्षी विकास तर्फ

७.२.१. भेडाबाख्रामा लाग्ने पिपिआर रोग विरुद्धको खोप १६००० वटा बाख्राहरुलाई, ३५० वटा कुकुरलाई रेबिज विरुद्धको खोप र कुखुरामा लाग्ने रानीखेत विरुद्धको खोप ५००० वटा कुखुरालाई लगाइएको छ।

७.२.२. गाई, भैंसी बाट हुने आम्दानीलाई बृद्धि गर्न तथा स्थानीय पशुबस्तु को नश्ल सुधार गरी उन्नत जातको विकास गर्न ५४ वटा पशुहरुमा नश्ल सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।

७.२.३. बाख्राको साना व्यवसायी पकेट विकास कार्यक्रम नगरपालिका क्षेत्र भित्रका ३४ वटा फर्म हरुमा लागू भईरहेको छ।

७.२.४. दुल्लु नगरपालिका भित्र रहेका १८९ वटा फर्म र कृषक समूहहरूको दर्ता तथा नवीकरण भई सोही समूह मार्फत विभिन्न आय आर्जनका क्रियाकलाप सञ्चालन भई रहेका छन् ।

७.२.५. दुल्लू नगरपालिका र पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेख को साझेदारीमा दुल्लु नगरपालिका वडा नं ५ मा एक स्थानीय तह एक पशुवस्तु उत्पादन विशेष कार्यक्रम अन्तर्गत

१५ वटा वाख्राको खोर निर्माण र ३० वटा वाख्रा र २ वटा उन्नत जातका वोका वितरण गरिएको छ ।

७.२.६. दुल्लू नगरपालिकाका सम्पूर्ण वडाहरूमा महामारीको रूपमा फैलिएको लम्पि स्किन रोगबाट ग्रसित हालसम्म करिब २८०० पशु वस्तु लाई उपचार गरिएको छ भने थप उपचार भईरहेको छ।

७.३. **उद्यम विकास तर्फ**

७.३.१. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तरगत सामाजिक परिचालन मार्फत १३ वटै वडाका ८९ जना सम्भावित उद्यमीहरुलाई **व्यवसाय सचेतना तथा शूरु र लैङ्गिक सचेतना तथा सामाजिक समावेशीकरण तालिम** तथा मागमा आधारित सीप विकास तालिम प्रदान गरिएको छ ।

७.३.२. व्यवसाय सञ्चालन गरेका ३७ जना उद्यमी तथा व्यवसायीहरुलाई विभिन्न प्रविधि हस्तान्तरण गरिनुका साथै उनीहरुलाई लघुकर्जामा पहुँच तथा उत्पादनको वजारीकरणको लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको छ ।

७.३.३. एभरेष्ट क्लव दैलेख र नगरपालिकाको साझेदारीमा सर्वोत्तम पिठो वनाउने कार्य अगाडि वढेको छ ।

**७.४. रोजगार सेवा केन्द्र तर्फ :**

७.४.१. विगत देखि रोजगार सेवा केन्द्रमा रिक्त रहेका पदहरुमा पदपूर्ति कार्य सम्पन्न गरिएको छ ।

७.४.२. आगामी आर्थिक बर्षका लागी ३३२५ जना बेरोजगार व्यक्तिहरुको विवरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS System) मा सुचिकृतका लागि प्रविष्टी गरिएको छ।

७.४.३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आ व मा ६ वटा वडाहरुमा भौतिक पुर्वाधार निर्माण सम्वन्धी योजनाहरु संचालन गरी १५० जना बेरोजगार व्यक्तिहरुका लागी अल्पकालिन रोजगारी सिर्जना गरिएको छ भने यसै गरी मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत सवै वडाहरुमा गरी १३ वटा भौतिक पुर्वाधारजन्य योजनाहरु संचालन भई ४१० जना बेरोजगार व्यक्तिहरुलाई अल्पकालीन रोजगारी सिर्जना हुनुको साथै सामुदायिक पुर्वाधारजन्य विकासमा टेवा पुगेको छ ।

७.४.४. रोजगार सेवा केन्द्रद्धारा सम्पादन गरिने कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागी राय सल्लाह सुझाव प्रदान गर्न स्थानीय स्तरमा ७ सदस्यीय निर्देशक समितिको स्थापना भई कार्य प्रारम्भ भएको छ ।

७.४.५. रोजगारीका लागि अवसरहरुको पहिचान समस्याहरुको समाधान र रोजगारी सिर्जनाका विधिहरुको विकास गर्न तथा रोजगार सम्वन्धी विषयमा आवश्यक सुझाव दिन रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०८० तयार गरी स्वीकृत गरिएको छ जसले गर्दा कार्य सम्पादनमा थप सहजता एवं प्रभावकारीता आउने छ ।

### ७.५. सहकारी तर्फ

७.५.१. यस नगरपालिकामा हालसम्म ७२ वटा सहकारी संस्थाहरु दर्ता भई सञ्चालनमा रहेका छन् ।

७.५.२. ३७ वटा सहकारी संस्थाहरु कोपोमिसमा दर्ता भई युजर आईडी प्राप्त गरिसकेका छन् ।

७.५.३. २७ जना महिला र ५८ जना पुरुष गरी जम्मा ८५ जना सहकारीका पदाधिकारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिएको छ ।

## ८. <u>सामाजिक विकास क्षेत्र तर्फ :</u>

### ८.१. आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा तर्फ

८.१.१. जनताको पहुँचमा गुणस्तरिय आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा प्रबाह गर्नका लागि आवश्यकताका आधारमा आधारभुत स्वास्थ्य सेवा केन्द्र /शहरी स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवा संञ्चालन गरिएको छ ।

८.१.२. वालवालिकाहरुमा हुने प्राणघातक संक्रामक रोग बाट बचाउनका लागि प्रति महिना ५० वटा खोप केन्द्र बाट नियमित खोप सेवा प्रदान गरिएको छ जसमा यस चालु आर्थिक बर्षको हालसम्ममा ५ हजार ४ सय ५ जनालाई खोपकेन्द्र मार्फत खोप सेवा प्रदान गरिएको छ ।

८.१.३. पुर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागि जन्मेदेखि ५ बर्ष मुनिका बालवालिकाहरुमा पुर्ण खोपको अवस्था पत्ता लगाउनका लागि घरधुरी सर्वेक्षणका माध्यामबाट लाईन लिस्टिङ्ग गरी नियमित खोपमा छुट भएका बालवालिकाहरुलाई खोपको दायरामा ल्याई पुर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गरिएको छ ।जन्मेदेखि १५ महिना सम्मका बालवालिकाहरुले लगाउनु पर्ने सवै खोपको कभरेजलाई शत प्रतिशत कायम गरिएको छ। हालसम्ममा पुर्णखोप लगाउने बालवालिकाहरुको संख्या ६ सय ५१ रहेका छन् ।

८.१.४. स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समुदायमा स्वास्थ्य सेवा प्रदान गर्नका लागि मासिक रुपमा ४४ वटा गाउँघर क्लिनिक मार्फत हालसम्ममा ४ हजार ९ सय ५९ जनालाई प्राथामिक उपचार, परिवार नियोजन, सुरक्षित मातृत्व सेवा लगायतका सेवा प्रदान गरिएको छ ।

८.१.५. खोप संगै सरसफाईको अवस्थामा सुधार ल्याउनका लागि मासिक ५० वटा खोप केन्द्र मार्फत सरसफाई सेसन संञ्चालन गरी सरसफाई प्रवर्द्धन गरिएको छ । खोप संगै सरसफाई सेसनमा ५ हजार १ सय ४७ जना लाई सहभागी गराईएको छ ।

८.१.६. समुदाय स्तरमा सचेतना तथा स्वास्थ्य प्रवर्द्धन क्रियाकलापमा संलग्न महिला सामुदायिक स्वयंसेविका मार्फत २६ हजार जना सेवाग्राहीलाई सेवा प्रदान गरिएको छ ।

८.१.७. सुरक्षित मातृत्व सेवालाई थप व्यवस्थित गर्नका लागि ९ बटा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टरका माध्यामबाट र दुल्लु अस्पतालमा सि एस सहितको सुरक्षित प्रसूति सेवा संञ्चालन गरिएको छ । हाल सम्ममा १४ वटा सि एस सहित ६६४ जनालाई सुरक्षित प्रसूति सेवा प्रदान गरिएको छ ।

८.१.८. बिद्यालय उमेरका वालवालिकाहरुको पोषणको अवस्थामा सुधार गरी अधिकतम शैक्षिक स्तर अभिबृद्धि गर्नकालागि यस नगरपालिका अन्तर्गतका सवै बिद्यालयहरुमा बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत जुका बिरुद्दको औषधि र किशोरीहरुका लागि आईरन चक्की वितरण कार्यक्रम कार्यन्वयन गरिएको छ ।

८.१.९. बालवालिकाहरुमा रहेको कुपोषणको अवस्थामा सुधार ल्याउनका लागि दुल्लु नगरपालिका वडा नम्बर १३ को शहरी स्वास्थ्य केन्द्र बिनायक र दुल्लु अस्पतालमा शिघ्र कुपोषणको एकीकृत व्यवस्थापन गर्ने उदेश्यले बहिरंग उपचार केन्द्र (ओटिसी) स्थापना गरि सेवा संञ्चालन गरिएको छ ।हालसम्म ओटिसी सेन्टरमा ४३ जना बालवालिका दर्ता भई उपचार व्यवस्थापन पश्चात कुपोषणको अवस्थामा सुधार भएको छ ।

८.१.१०. सुरक्षित गर्भपतन सेवा लाई बिस्तार गरी असुरक्षित गर्भपतनका कारणले मातृ स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव कम गर्नका लागि दुल्लु अस्पताल, स्वास्थ्य चौकी कालभैरव र नेपामा सुरक्षित गर्भपतन सेवा बिस्तार गरी यस आर्थिक बर्षमा ६४ जनालाई सुरक्षित मातृत्व सेवा प्रदान गरिएको छ ।

८.१.११. स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयन गरी स्वास्थ्य संस्थाको सेवाको मापदण्ड बृद्दि गर्नका लागि कार्ययोजना बनाई लागु गरिएको छ ।

८.१.१२. गुणस्तरीय बिशेषज्ञ सेवा सहित आधारभुत तथा आकस्मिक सेवा प्रवाह गर्नका लागि दुल्लू अस्पतालमा गुणस्तरीय प्रयोगशाला, एक्सरे सेवा, ईमर्जेन्सी सेवा लगायतका सेवा प्रदान गरिएको छ ।

८.१.१३. स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गर्नका लागि सेवा बिस्तार तथा स्वास्थ्यकर्मीहरुको क्षमता बिकास गरिएको छ ।

८.१.१४. समुदाय स्वास्थ्य शिक्षा मार्फत नागरिकहरुको व्यवहार परिवर्तन गर्नका लागि स्वास्थ्य शिक्षा लगाएतका कार्यक्रम सम्पादन गरिएको छ ।

८.१.१५. क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रमसँग सम्बन्धित क्रियाकलाप संञ्चालन गरी सकृय क्षयरोगीहरुको खोजपडताल तथा उपचार व्यवस्थापन कार्य सम्पादन भईरहेको छ ।

८.१.१६. स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका समुदायहरुमा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरी सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्य सेवा प्रवर्द्दन क्रियाकलाप संञ्चालन गरिएको छ ।

८.१.१७. गर्भ अवस्थामा हुन सक्ने जटिलता कम गरी सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्यमा सुधार गर्नका लागि शहरी स्वास्थ्य सेवा केन्द्र बिनायक, स्वास्थ्य चौकी बडलम्जी र नेपामा गर्भवती महिलाहरुका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरिएको छ ।

८.१.१८. आपुर्ति व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउनका लागि सवै स्वास्थ्य संस्थामा ईलेक्टोनिक आपूर्ति व्यवस्थापन प्रणाली लागु गरी कार्यान्वयन गरिएको छ ।

८.१.१९. किशोर किशोरीको प्रजनन स्वास्थ्य सम्बन्धी धारणाहरुमा बिकास गर्नका लागि किशोर किशोरी मैत्री स्वास्थ्य सेवा लाई नमुनाका रुपमा ४ वटा स्वास्थ्य संस्थालाई बिकास गर्नका लागि कार्यक्रम कार्यान्वय गरिएको छ ।

८.१.२०. कोभिड १९ महामारी बिरुद्द खोप अभियानहरु प्राथामिकताका साथ संञ्चालन गरिएको छ जसमा ५ देखि ११ बर्ष सम्मका ४ हजार ६ सय ७८ जना बालवालिकाहरुले दोश्रोमात्रा र १२ बर्ष माथिका २५ हजार ९ सय ९१ जनालाई दोश्रो मात्राको खोप लगाईएको छ ।

## ८.२. आयुर्वेद सेवा तर्फ

८.२.१. बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमबाट दुल्लू नगरपालिका अन्तरगत ८ वटा माध्यामिक विद्यालयका ५२५ जना बिद्यार्थीले आयुर्वेद तथा योग सम्बन्धी ज्ञान हासिल गरेका छन्।

८.२.२. दुल्लू नगरपालिका वडा नं १३ विनायकमा नियमित गाउँघर क्लिनिक मार्फत स्वास्थ्य उपचार गरिएको छ ।

८.२.३. आयुर्वेद स्वास्थ्य शिविर मार्फत दुल्लू नगरपालिका १० मा ५३४ जनालाई आयुर्वेद सेवा प्रदान गरिएको छ ।

## ८.३. सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ

८.३.१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ९ हजार ७ सय ८५ जना लाभग्राहीहरुलाई रु २० करोड ३१ लाख वितरण गरिएको छ ।

८.३.२. चालु आर्थिक वर्षमा दुल्लू नगरपालिका क्षेत्र भित्रका २ हजार ५ सय ६८ जना व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता कार्य सम्पन्न भएको छ ।

८.३.३. पुराना दर्ता कितावमा रहेका ३९ हजार ६ सय ५३ वटा घटना दर्ता डिजिटाईजेशन भईसकेको छ ।

८.३.४. दुल्लू नगरपालिका क्षेत्रभित्र संचालित ५४ वटा विद्यालयका प्रधानाध्यापकहरुलाई प्रार्थना सभामा व्यक्तिगत घटना दर्ताको महत्व बारे अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

८.३.५. विभिन्न समुदायका व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षामा पहुँच अभिवृद्धि गर्न संचार माध्यम तथा १३ वटा वडा कार्यालयहरुमा घटना दर्ता सप्ताह मार्फत सुचना प्रवाह गरिएको छ ।

## ८.४. बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ

८.४.१. नगर र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक सम्पन्न हुनुका साथै पूर्ण पोषणयुक्त टोल घोषणा अनुशिक्षण कार्यक्रम दुल्लु नगरपालिका को ४ न वडामा सम्पन्न भएको छ।

८.४.२. विपन्न परिवारका सुनौला हजार दिनका आमाहरुलाई पोषणको महत्व र व्यक्तिगत सरसफाई सम्वन्धी एक दिने समूह परिचालन कार्यक्रम दुल्लू नगरपालिकाका विभिन्न वडामा सम्पन्न भएको छ भने दुल्लू नगरपालिकाका ९८ जना स्वास्थ्य स्वयमसेविकाहरुलाई पोषणको महत्व, कुपोषित बालबालिकाहरुको स्वास्थ्य अवस्था पहिचान र स्वास्थ्य सुधारका लागि अभिमुखीकरण तालिम सञ्चालन गरिएको छ ।

८.४.३. नगरपालिका क्षेत्रमा रहेका ३९० जना सुनौला १००० दिनका आमाहरुलाई करेसावारी व्यवस्थापनका लागि अभिमुखीकरण कार्यक्रम र करेसावारीका लागि बीउ वितरण गरिनुका साथै वडा नं. ५ मा रहेको वरपिपल महिला सहकारीलाई पोषण अवस्था सुधारका लागि सहकारीमा रहेका २५ जना विपन्न परिवारका आमाहरुलाई व्यवसायिक तालिम र रु ६ लाख २५ हजार अनुदान वितरण गरिएको छ ।

८.४.४. नगरपालिका क्षेत्रमा रहेका ३३८ जना आमाहरुलाई अण्डा र ३२५ जना आमाहरुलाई व्यक्तिगत सरसफाईका लागि सामाग्रीहरु वितरण गरिएको छ ।

८.४.५. पोषण प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५८ जना सरोकारवाला व्यक्तिहरुलाई अनुशिक्षण कार्यक्रम, वडा स्तरीय समन्वय वैठक र टोल स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

## ८.५. शिक्षा युवा तथा खेलकुद तर्फ

८.५.१. चालु आर्थिक वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १ वटा ४ कोठे र २ वटा २ कोठे भवन र २ वटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला निर्माण भएका छन् ।

८.५.२. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत माध्यमिक विद्यायहरूमा २ वटा विज्ञान प्रयोगशला र ३ वटा पुस्तकालय स्थापना भएका छन ।

८.५.३. नेपाल राष्ट्रिय माध्यमिक विद्यालय दुल्लू-७, कीर्तिखम्बमा दृष्टिविहिन २५ जना विद्यार्थीहरुको लागि श्रोत कक्षा सञ्चालन भएको छ ।साथै सोही विद्यालयमा कोरियनको सहयोगमा रु ४ करोडको लगानीमा विद्यालय भवन निर्माण भईरहेको छ ।

८.५.४. पञ्चकोशी वेद विद्याश्रम दुल्लू १० नाभिस्थानमा परम्परागत शिक्षा सञ्चालन भएको छ । -

८.५.५. नरेश्वर उद्यमशील माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन भईरहेको छ भने छात्रावास भवन निर्माण भईरहेको छ ।

८.५.६. विजया माध्यमिक विद्यालयमा नमूना विद्यालय सुधार गुरूयोजना अनुरूप विज्ञान प्रयोगशाला स्थापनाका लागि भवन निर्माण कार्य भएको छ ।

८.५.७. छात्रा (दलित र गैर दलित) ४९१२ र दलित छात्र १९७३ गरी जम्मा ६८८५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ ।

८.५.८. प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ६ सम्मका ७५८९ जना विद्यार्थीहरूले विद्यालय सञ्चालन भएका दिनमा नियमित रूपमा दिवा खाजा खान पाएका छन ।

८.५.९. सामुदायिक विद्यालयमा अध्ययनरत ३२३० जना छात्राहरूले विद्यालयबाट महिनावारी भएको समयमा निशुल्क सेनिटरी प्याड पाएका छन ।

८.५.१०. ४६ जना बाल विकास शिक्षकहरूले सामग्री निर्माण सम्बन्धी तालिम प्राप्त गरेका छन ।

८.५.११. निम्न माध्यमिक तह र माध्यमिक तह सञ्चालित २८ विद्यालयका १/१ जना लेखा सम्वन्धी काम गर्ने शिक्षक तथा कर्मचारीहरूले विद्यालय लेखा सम्बन्धी तालिम प्राप्त गरेका छन ।

८.५.१२. आधारभूत तथा माध्यमिक विद्यालयका ५० जना सूचना प्रविधि स्रोत शिक्षकहरूले सूचना प्रविधिसम्बन्धी क्षमता विकास तालिम पाएका छन् ।

८.५.१३. यस नगरपालिका क्षेत्र भित्रमा चालु शैक्षिक वर्षमा प्रारम्भिक वाल विकासमा १ हजार २ सय ५१ जना वालवालिकाहरु रहेका छन् भने आधारभूत तह (कक्षा १ देखि ५) मा ६ हजार ७ सय २६ जना, आधारभूत तह (कक्षा ६ देखि ८) मा ३ हजार २ सय २३ जना, माध्यामिक तह (कक्षा ९ देखि १०) मा १ हजार ९ सय ३६ जना र माध्यामिक तह (कक्षा ११ देखि १२) मा १ हजार १ सय ८३ जना विद्यार्थीहरु रहेका छन् ।

८.५.१४. त्यसैगरी प्रारम्भिक बाल विकासमा ६५ जना, प्राथमिक तहमा १८३ जना, निम्न माध्यामिक तहमा ४३ जना, माध्यामिक तहमा ३१ जना र उच्च माध्यामिक तहमा १८ जना शिक्षकहरु रहेका छन् ।

८.५.१५. यसै वर्ष शिक्षकविद्यार्थी अनुपातलाई मुख्य आधार बनाई प्राथमिक तहका शिक्षकहरूको - शिक्षक दरबन्दी मिलान गरिएको छ ।

८.५.१६. दुल्लू नगरपालिका वडा नं. १० मा सञ्चालित श्री कृष्ण आधारभूत विद्यालयलाई शिक्षा सरोकार केन्द्र नेपाललाई व्यवस्थापन तथा सञ्चालन जिम्मा दिइएको छ ।

८.५.१७. आधरभूत तह उत्तिर्ण परीक्षा २०७९ मा ११८८ जना विद्यार्थीहरू सहभागी भएका छन ।

८.५.१८. अपाङ्ग सशक्तिकरण मञ्चको सहयोगमा वटा विद्यालयलाई ट्याव तथा कम्प्यूटर उपलव्ध गराईएको छ ।

## ८.६. लैगिंक समानता तथा सामाजिक समावेशीकरण तर्फः

८.६.१. समतामय समुन्नत समाज निर्माणका लागि दुल्लू नगरपालिका बाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु लैगिंकमैत्री दृष्टिकोणबाट संचालन भए नभएको लेखाजोखा गर्नको लागि लैगिंक उत्तरदायी बजेट विश्लेषणको परिपाटी सुरु भई कमजोर पक्ष सुधारको लागी कार्ययोजना समेत तयार गरिएको,

८.६.२. विगतको लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिदैं कार्ययोजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्दै लगिएको छ ।

८.६.३. यस नगरपालिकाका नगर प्रमुख ज्यूको पदभार ग्रहणको क्रममा भएको निर्णय बमोजिम गर्भवती तथा प्रसूति महिलाहरुलाई नि:शूल्क एम्वुलेन्स सेवा उपलव्ध गराउने कार्यक्रम बमोजिम ५ जनालाई जम्मा रु ५० हजार उपलव्ध गराईएको छ भने उप प्रमुख ज्यूको पदभार ग्रहणको क्रममा भएको निर्णय बमोजिम अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरणको क्रममा पूर्ण अशक्त अपांगता भएका व्यक्तिहरुलाई राहत स्वरुप यातायात खर्च वापत ४ जनालाई जम्मा रु ७ हजार ५ सय उपलव्ध गराईएको छ ।

८.६.४. दुल्लू नगरपालिकाका विभिन्न माध्यमिक विद्यालयहरुमा विद्यालय स्तरीय बाल क्लबहरु गठन भएका।

८.६.५. दुल्लू नगरपालिकामा मनोसामाजिक अपांगता भएका व्यक्तिहरूका लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य नीतिको तर्जुमा भई विभिन्न व्यक्तिहरुलाई अपांगता परिचय पत्र प्राप्त प्रदान गरिएको।

८.६.६. मानसिक स्वास्थ्य तथा स्वावलम्बन समूहहरुको परिचालन तथा व्यवस्थापन मार्फत विभिन्न मनोसामाजिक अपांगता भएका व्यक्तिहरुले राज्यद्धारा प्रदान गरिने सेवा सुविधामा सहभागी हुने गरेको।

८.६.७. महिला विकासद्धारा प्रबर्द्धित महिला सहकारीहरुलाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारमूलक बनाउनका लागि बहूक्षेत्रीय पोषण कार्यक्रमार्फत महिलाहरुलाई बिउपूँजी अनुदान प्रदान गरिएको

८.६.८. कर्मचारी तथा जनप्रतिनिधीहरुलाई महिला अधिकार तथा दिगो विकास लक्ष्यहरुको स्थानीयकरण सम्बन्धी अभिमूखिकरण कार्यक्रम मार्फत क्षमता अभिबृद्धि भएको ।

८.६.९. बाल क्लब, बाल संजाल गठन तथा सहजीकरण  निर्देशिका, २०७९, दुल्लू नगरपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य नीति, २०७९ र बाल विवाह अन्त्यका लागि पञ्चवर्षीय रणनीति योजना (२०७९/८०-२०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा रहेका छन् ।

८.६.१०. चालु आर्थिक वर्षको हालसम्म १३४ जना अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।

८.६.११. कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको कार्यक्रम अन्तर्गत यस आ.व को हाल सम्म ३२३ जना छोरीको खाता खोलिएको छ ।

८.६.१२. अन्तराष्ट्रिय महिला दिवस, ज्येष्ठ नागरिक सम्मान दिवस, अन्तराष्ट्रिय अपाङ्गता दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता विविध दिवसीय कार्यक्रम मार्फत विभिन्न जनचेतनामूलक अभियान संचालन , न्यानो कपडा वितरण, शैक्षिक सामाग्री वितरण, हिंसा पिडित प्रभावित महिला बालबालिका तथा अपाङ्गता भएका व्यक्तीहरुलाई सम्मान कार्यक्रम संचालन गरी करिब ७०० जना व्यक्तिहरु कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन् ।

**९. पूर्वाधार विकास क्षेत्र तर्फ :**

९.१. नगरपालिकाको प्रशासनिक भवन थप व्यवस्थित र सुविधायुक्त बनाउन निर्माण कार्य जारी नै रहेको छ ।

९.२. संघीय सरकार र कर्णाली प्रदेश सरकारको समपुरक र विशेष अनुदानबाट नगरपालिकाको समेत साझेदारीमा प्राकृतिक श्रोत व्यवस्थापन कलेज पञ्चकोशी वहुप्राविधिक शिक्षालय, नरेश्वर उद्यमशील विद्यालय र पञ्चकोशी वेद विद्याश्रम धार्मिक विद्यालयको थप स्तरोन्नतिका लागि विगत बर्ष जस्तै चालु बर्षमा भवन निर्माण कार्य सञ्चालन भईरहेको छ ।दुल्लू ईन्जिनियरिं कलेजको स्थापनाका लागि आबश्यक जग्गा प्राप्ति गर्न तथा पूर्वाधार विकास गर्न प्रयास जारी रहेको छ ।सरस्वती मा वि कृष्णकोटमा भौतिक पूर्वाधार विकास तर्फ भवन निर्माण अन्य सुधारका कार्यहरु भईरहेका छन् ।राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भानु मा वि तोरायामा एउटा विग विल्डिंग, पञ्चदेवल आ वि तल्लीपाउँ र पञ्चेश्वरी आ वि लुजै गरी दुईवटा

साना विद्यालयका नयाँ भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।कर्णाली प्रदेश सरकारको सशर्त अनुदानबाट सरस्वतीदेवी मा वि विनायक, लक्ष्मी आ वि वस्नेपाटी र कालिका आ वि साहुवाडामा २/२ कोठे विद्यालय भवनहरु निर्माण कार्य यसै आ ब भित्र सम्पन्न गर्ने लक्ष्यकासाथ काम भईरहेको छ । विजया माध्यामिक विद्यालय दुल्लूमा नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत व्लक क खालीचाखा र व्लक ख खेतगाउँ गरी २ स्थानमा भवन निर्माण लगायतका भौतिक सुधारका कार्यहरु भईरहेका छन् ।नगरपालिका र वडाहरुबाट केही विद्यालयहरुमा ससाना शैक्षिक पूर्वाधार निर्माण कार्यहरु सम्पादन भएका छन् । द्रोणाचल वहुमुखी क्याम्पसको नयाँ भवन निर्माण कार्य अन्तिम चरणमा छ ।यी समग्र प्रयासबाट विद्यालय शिक्षाका साथै मध्यम र उच्च शिक्षा प्राप्तिका लागि समुचित वातावरण निर्माण भई दुल्लू नगरपलिकाका शिक्षण संस्थाहरुको संस्थागत सवलीकरण तथा गुणस्तरीय र व्यावसायिक शैक्षिक जनशक्ति उत्पादन हुने अपेक्षा गरिएको छ ।

९.३. नेपाल बंशजको उद्गमस्थल मानिएको नेपामा सांस्कृतिक भवन निर्माण कार्य भईरहेको छ दाहालहरुहरुको उद्गमस्थल दहमा हालै नेपाल सरकारका प्रधानमन्त्री सम्माननीय पुष्पकमल दाहाल ज्यूको आगमन तथा आफ्ना पुर्खाको शालिक प्रतिस्थापन र अनावरण गरिएबाट समेत विभिन्न जातजातिको उद्गमस्थल रहेको दुल्लूमा विभिन्न जाति र थरका मानिसहरुले आ आफ्नो थातथलो खोजी गर्ने क्रममा यहाँ आउने हुँदा थप पूर्वाधार विकासमा टेवा पुग्नुका साथै पर्यटन प्रवर्द्धन हुने अपेक्षा गर्न सकिन्छ ।

९.४. कर्णाली प्रदेश सरकारको आर्थिक सहयोगमा जनता आवास र विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गत यसै आर्थिक बर्षमा १२ वटा आवास इकाई निर्माण भईरहेका छन् । संघीय सरकारको सशर्त अनुदानबाट खरको छाना विस्थापन गर्ने कार्यक्रम अन्तर्गत यस नगरपालिकाका ३१६ घरधुरीको खरको छाना विस्थापन वापत् गत आ ब मा १२० घरधुरीलाई र चालु बर्षमा १२६ घरधुरीलाई रु ५० हजारका दरले रकम भुक्तानी भईसकेको छ भने छाना विस्थापन भईसकेका तर रकम अभावले अझै ७० घरधुरीलाई उक्त सहयोग रकम उपलब्ध गराउन बाँकी नै रहेको छ ।

९.५. कर्णाली प्रदेश सरकारको सशर्त अनुदानबाट हालै मात्र दुल्लू अस्पतालको सेवा प्रवाहलाई थप व्यवस्थित र सुदृढ बनाउन नयाँ भवन निर्माण कार्य शुरु गरिएको छ ।

९.६. नगरपालिका भित्रका ३२९ जना अव्यवस्थित वसोवासी र ६० जना भूमीहिन दलित र ७ जना भूमीहिन सुकुम्वासी गरी जम्मा ३९६ जनालाई निजहरुले हाल प्रयोग गरिरहेको जग्गाको अस्थायी निस्सा समेत वितरण गरिसकिएको छ ।

९.७. नापनक्शा शाखाबाट चालु आ ब को हालको अवधिसम्म नक्सापास गरी २ वटा सुपर स्ट्रक्चर निर्माण ईजाजत र ५ वटा भवन निर्माण कार्य सम्पन्न भएका छन् ।

९.८. संघीय सरकार र कर्णाली प्रदेश सरकारबाट निर्माणाधिन दुल्लू नगरपालिका मध्यपहाडी लोकमार्ग, कर्णाली राजमार्ग, तल्लो डुंगेश्वर दुल्लू पिपलकोट सडक, माथिल्लो डुंगेश्वर दुल्लू व्याउली नाक्चेलाग्ना सडक विस्तार र स्तरोन्नतिका कार्य भईरहेका छन् ।जसबाट यातायातमा क्रमश सुगम परिस्थिति निर्माण भैरहेको छ ।

९.९. नगरपालिका क्षेत्रमा रहेका करीब २०५ कि मी भन्दा बढी नगर स्तरीय र वडा स्तरीय सडकहरु मर्मत सुधार र स्तरोन्नतिका कार्य गरी यातायातलाई सहज बनाईएको छ । भू स्खलन हुन नदिन वातावरण संरक्षण गर्न अत्याबश्यक बाहेक नयाँ सडक निर्माणका लागि ट्र्याक खोल्ने कार्यलाई वन्देज गरिएको छ ।स्मार्ट सिटी योजना अन्तर्गत सडक निर्माण प्रधानमन्त्री रोजगार कार्यक्रम मुख्यमन्त्री रोजगार कार्यक्रम सडक वोर्ड नेपालको अनुदान र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत १५ भन्दा बढी सडक तथा गोरेटो बाटोहरु मर्मत सुधार कार्यसम्पन्न हुने चरणमा छन् ।

९.१०. दुल्लू नपा र गुराँस गापालाई जोड्ने गरी बान्द्रेखोला र काउलेखोलामा झोलुंगे पुल निर्माण कार्य यसै आ ब भित्र सम्पन्न हुदैछ ।

९.११. दुल्लू नगरपालिकाको अधिकांश भूभागमा विद्यूतीकरण कार्य सम्पन्न हुने चरणमा छ ।चालु आ ब मा मात्रै नेपाल विद्यूत प्राधिकरणसँगको लागत साझेदारीमा ३ करोडको लागतमा दुल्लू नपाका विद्यूतीकरण कम भएका वडाहरुमा प्राथमिकता सहित विद्यूत पोल तथा तार जडान कार्य द्रुतगतिमा अगाडि बढिरहेको छ ।विभिन्न वडा कार्यालयहरुले समेत आफ्नो बार्षिक कार्यक्रममा विद्यूतीकरणलाई प्राथमिकतासाथ बजेट विनियोजन गर्ने कार्य भएबाट विद्यूत विस्तार कार्य आशातीत रुपमा अगाडि बढेको छ । गत आ ब मा नेपाल विद्यूत प्राधिकरणबाट प्राप्त ५०० थान पोल तथा तार जडान कार्य नगरपालिकाको लागत साझेदारीमा सबै वडाहरुमा भएको तथा संघीय सरकारबाट यस नगरपालिकामा विद्युतिकरणको लागि गरिएको ठेक्काको कार्य यसै आर्थिक वर्षबाट प्रारम्भ हुने भएकोले आगामी २ बर्षभित्र करीब ९० प्रतिशत जनसंख्याले विद्यूत सुविधा उपयोग गर्ने अनुमान गर्न सकिन्छ ।

९.१२. चालु आ ब मा नै दुल्लू नगरपालिकाको स्थानीय पूर्वाधारको दीगो सञ्चालनका लागि पूर्वाधार विकास आयोजना सञ्चालन कार्यविधि २०७९, पूर्वाधार मर्मत संभार कोष सञ्चालन कार्यविधि २०७९ र हेभी ईक्वीप्मेण्ट सञ्चालन कार्यविधि २०७९ तर्जुमा गरी लागु गरिएको छ।नपाले

आफ्नो कुल पुँजीगत बजेटको ५ प्रतिशत रकम एकमुष्ट विनियोजन गरी सडक लगायतका संरचना मर्मत संभार गर्ने कार्य भैरहेको छ ।

९.१३. चालु आ ब भित्र यस नगरपालिकाको मुख्य मुख्य बजार केन्द्रहरुमा विगत आ ब मा जडान भएका सौर्य सडक बत्ती मर्मत गरी थप विस्तार गरिंदैछ ।यसका साथै सुरक्षा निकायको समन्वयमा संवेदनशील क्षेत्रहरुमा सिसीटिभी जडान गरी सम्भावित आपराधिक घटना हुन नदिनका लागि सुरक्षा व्यवस्था मिलाईंदैछ।

९.१४. संघीय खानेपानी आयोजना अन्तर्गत कोटथाला र मालिकामा लिफ्ट खानेपानी योजनाको काम द्रूतगतीमा अगाडि बढीरहेको छ भने जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपालसँगको लागत साझेदारीमा नगरपालिकाका १३ वटा खानेपानी योजना (जसबाट करिव ६०० धारा निर्माण गरिएको छ), भात्र मझुवा दुल्लू खानेपानी योजना, वारतडी लिफ्टिङ्ग खानेपानी योजना, ठूल्धारा लिफ्टिङ्ग खानेपानी योजना, मुल्की लिफ्टिङ्ग खानेपानी योजना, दुल्लू वृहत (साङ्टा) खानेपानी योजना, वडलम्जी खानेपानी योजना तथा गाईखुरे लिफ्टिङ्ग खानेपानी योजना लगायत अन्य ससाना खानेपानी योजना सम्पन्न हुने अवस्थामा पुगेबाट करीब ८० प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुग्ने आँकलन गर्न सकिन्छ ।

९.१५. कर्णाली प्रदेश सरकार र नगरपालिकाको अनुदानबाट १९ वटा भन्दा बढि सिचाईं योजना निर्माण भई करीब २५ हेक्टर जमीनमा सिचाईं सुविधा पुग्न गएबाट मौसमी तथा वेमौसमी अन्नवाली तरकारी तथा फलफूल उत्पादनमा सघाउ पुगेको छ ।

९.१६. चालु आर्थिक वर्षमा सञ्चालित जनतासँग नगर प्रमुख कार्यक्रम अन्तरगत ३३ वटा योजना तथा कार्यक्रम तथा जनतासँग नगर उप प्रमुख कार्यक्रम अन्तरगत २७ वटा योजना तथा कार्यक्रम कार्यान्वयन गरिएकोछ ।

## १०. <u>बन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ :</u>

१०.१. विपद् ब्यवस्थापन सम्वन्धी निति ऐन नियम र कार्यविधि निमार्ण निर्माण गरिनुका साथै जोखिम सम्वेदनशील भू उपयोग योजना निर्माण भै लागु गरिएको छ ।

१०.२. नगरपालिकामा भवन निर्माण सहिता निर्माण गरी लागू गरिएको छ।

१०.३. आपतकालिन कार्यसचालन केन्द्रको स्थापना र ब्यवस्थापनका साथै विभिन्न प्रकोपका घटेका घटनाहरुको विवरण तयार गरी सार्वजनिक र कार्यालयको प्राङ्गणमा वारुण स्थापना गरिएको छ ।

१०.४. आगलागि नियन्त्रण सम्वन्धी ४ जनालाइ तालिम प्रदान गरिनुको साथै विभिन्न खाले प्रकोपका घटनाहरुबाट पिडित १४५ जनालाई पाल वितरण गरिएको छ ।

१०.५. तयार नेपालको आर्थिक सहयोगमा विपन्न वर्गका १ हजार १ सय ४५ जनालाई जनही रु २१ हजार ५ सयका दरले जम्मा रु २ करोढ ४६ लाख १७ हजार ५ सय नगद वितरण गरिएको छ ।

१०.६. विभिन्न १३ वटा वडाका ७५० जना कृषकहरुलाइ भण्डारण भकारी र सामान ढुवानी क्यारेट लगायतका सामानहरु वितरण गरिएको ।

१०.७. विपद् ब्यवस्थापन समितिको पुनर्गठन र अभिमुखीकरण तथा आपतकालिन सामानहरु सवै वडाहरुमा वितरण गरिएको ।

१०.८. विभिन्न खाले प्रकोप पीडित ३७८ जनालाई नियमानुसार रु ३३ लाख ३९ हजार राहत रकम पिडितहरुको वैक खाता मार्फत वितरण गरिएको छ भने अन्य ३ जनालाई क्रिया खर्च वापत रु ७५ हजार वितरण गरिएको छ ।

१०.९. विभिन्न २१ वटा सामुदायिक वन उपभोक्ता समितिहरुलाइ नगरमा दर्ता प्रक्रियामा ल्याइ सोही अनुसार राजश्व असूली गरिएको छ।

१०.१०. वडा न २, ३, ४  मा विपद सम्वन्धी रोकथामको विभिन् योजनाहरु सचालनमा रहेका छन् ।

१०.११. नगरवाट सचालन हुने सवै योजनाहरुमा १ प्रतिशत रकम र कुल विकास वजेटको ६ प्रतिशतले हुने रकम कटाई प्रकोप व्यवस्थापन कोषमा राख्ने र नगरवाट वार्षिक रुपमा वजेट विनियोजन गरी सोही कोषवाट भुक्तानी दिने ब्यवस्था मिलाईएको छ ।

१०.१२. विपद् पोर्टल निमार्ण गरी प्रयोगमा ल्याउनुको साथै विपद जोखिम न्यूनिकरण रणनीतिक योजना निर्माण गरी कार्यान्वयनको चरणमा रहेको छ ।

१०.१३. विपद जोखिम पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुका साथै विपद् सम्वन्धी विषय समेटेर स्थानीय पाठ्यक्रम निर्माणको थालनी भएको छ  ।

१०.१४. कर्णाली प्रदेश सरकार, तयार नेपाल, भकारी परियोजनावाट राहत र खोज तथा उद्धार सामाग्रीको सहयोग भएको छ ।

१०.१५. विपद सम्वन्धी खोज तथा उद्धार र राहतका सामानहरु भण्डारण गरी राखिएको छ।

१०.१६. वडा नं. ६ र १३ का २ जनाको लास भारतबाट नेपाल ल्याउँदा सहयोग गरिएको छ ।

१०.१७. कार्यालयको कामको सिलसिलामा ट्रिप्पर दुर्घटना हुँदा निधन भएका चालक धनवहादुर वुढाको परिवारलाई कार्यालयको तर्फबाट रु ५ लाख २५ हजार तथा यस कार्यालयमा कार्यरत कर्मचारीहरुको १ दिन वरावरको तलवबाट संकलन भएको रु ६ लाख ०८ हजार ५ सय ५६ र जनप्रतिनिधीहरुको नगरसभाको वैठक भत्ताको रकमबाट रु ९६ हजार ९ सय गरी जम्मा रु १२ लाख १० हजार ४ सय ५६ उपलव्ध गराईएको छ भने ट्रिप्पर मर्मत हुन सक्ने अवस्था नभएकोले हाल लिलाम विक्रिको प्रक्रियामा रहेको छ ।

१०.१८. तयार नेपालको सहयोगमा वडा नं. २ को वडीमूल, पानसैन र गगन ज्योतीमा पहिरो नियन्त्रण कार्य भएको छ भने कृष्णकोटमा रिचार्ज पोखरी निर्माण गरिएको छ ।

## ११. <u>सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ :</u>

११.१. यस नगरपालिकाको नगर कार्यापालिकाको कार्यालय, वडा कार्यालय तथा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा जम्मा स्वीकृत दरवन्दी १४२ रहेकोमा १२१ मा पदपूर्ति भएको छ भने २१ रिक्त रहेका छन् । पदपूर्ति भएका मध्ये ९३ स्थायी सेवाका छन् भने २८ करार सेवामा कार्यरत रहेका छन् ।

११.२. नेपालको संविधान र प्रचलित कानूनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन मार्फत नागरिकको नजिकको सरकारको रुपमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन ७ वटा ऐन (२ वटा संशोधन सहित), १ वटा नियमावली, २६ वटा कार्यविधि (२ वटा संशोधन सहित), २ वटा निर्देशिका र १ वटा मापदण्ड गरी यस आ.व. मा जम्मा ३० वटा कानूनहरुको निर्माण गरिएको छ भने हालसम्म सवै गरी जम्मा १०२ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

११.३. चालु आर्थिक वर्षको हालसम्मा नगर कार्यपालिकाको वैठक संख्या २५, नगर शिक्षा समितिको वैठक संख्या ५, , श्रोत अनुमान तथा वजेत सीमा निर्धारण समितिको वैठक संख्या २, न्यायिक समितिको वैठक संख्या २४, राजस्व परामर्श समितिको वैठक संख्या १२ वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक संख्या १, कार्यपालिका अन्तरगतका विभिन्न विषयगत समितिहरु; आर्थिक विकास समितिको वैठक संख्या १५, सामाजिक विकास समितिको वैठक संख्या ५, पूर्वाधार विकास समितिको वैठक संख्या २, बन, वातावरण तथा विपद व्यवस्थापन समितिको वैठक संख्या ६, सुशासन तथा संस्थागत विकास समितिको वैठक संख्या १८, नगर सभा अन्तरगतका विधायन समितिको वैठक संख्या १, सुशासन समितिको वैठक संख्या ५, लेखा समितिको वैठक संख्या ६, जनतासँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन समितिको वैठक

संख्या ३, जनतासँग नगर उप प्रमुख कार्यक्रम कार्यान्वयन समितिको वैठक संख्या ४, नगर जलश्रोत समितिको वैठक संख्या २, स्थानीय भूउपयोग परिषदको वैठक संख्या १, तथा अन्य विभिन्न समन्वय वैठकहरु लगायत २ वटा नगरसभा सम्पन्न गरिएको छ ।

११.४. नगरपालिकाको सूचना, ऐन, कानून, निर्देशिका, राजपत्र, वजेट विवरण, प्रतिवेदन साथै वार्षिक नगर विकास योजना कितावको प्रकाशन लगायत सार्वजनिक सरोकारका विषयहरु नियमित वेभसाइटमा अध्यावधिक गरिनुका साथै वेभसाईट मार्फत नगरपालिकाका गतिविधिहरु सार्वजनिक गर्ने गरिएको छ ।

११.५. दुल्लू नगरपालिका परिसर तथा प्रत्येक कोठाहरुमा सिसिटिभि क्यामरा, कर्मचारीहरुको विधुतिय हाजिरी तथा डिजिटल डिस्प्ले प्यानल जडान गरी प्रयोगमा ल्याइएको छ ।

११.६. कार्यालयको लेआवट तयार गरी भवन तथा कोठाको सांकेतीकरण गरिएको छ ।

११.७. चालु आर्थिक वर्षमा घ वर्गका निर्माण व्यवसायीको दर्ता २ वटा र दर्ता नवीकरण १९ वटा गरी जम्मा २१ वटा भएका छन् जसवाट आन्तरिक आम्दानीमा टेवा पुगेको छ।

११.८. नागरिक सहायता कक्षको स्थापना गरी सेवा प्रवाहमा सहजता ल्याईएको छ ।

११.९. प्रत्येक तलामा खानेपानीको लागि विधुतिय फिल्टर (Water Dispensary) को व्यवस्था गरिएको छ ।

११.१०. कर्मचारीहरुलाई खाजा खाने समय तोकी लागू गरिनुका साथै नियमित रुपमा कर्मचारीहरुको मासिक र आकस्मिक कर्मचारी वैठकहरु वस्ने गरिएको छ ।

११.११. दुल्लू नगरपालिकाको राजश्वको दायरा बढाई राजश्व क्षेत्र व्यापक बनाउन दुल्लू नगरपालिकाको सम्पत्तीकर तथा भूमीकर व्यवस्थापन कार्यविधि २०८०, दुल्लू नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि २०८० र दुल्लू नगरपालिकाको घर बहाल कर व्यवस्थापन कार्यविधि २०८० निर्माण गरी २०८० श्रावण १ गते देखि लागु हुनेगरी स्वीकृत गरिएको छ ।

११.१२. आर्थिक वर्षको पहिलो त्रैमासिकमा सम्पत्ति कर बुझाउने करदातालाइ १० प्रतिशत छुट दिइ कर संकलन गर्ने गरिएको छ।

११.१३. साना तथा ठुला व्यावसायीहरूलाइ करको दायरामा आउन मिति २०७९।०८।१२ मा सूचना गरी व्यवसाय कर संकलनको सुरूवात गरियो जसले गर्दा रू.१ लाख ९४ हजार ५ सय ५० व्यवसाय कर संकलन गरिएको छ ।

११.१४. दुल्लू नगरपालिकामा व्यापार व्यवसाय सञ्चालन गरेका तर करको दायरामा नआएका व्यवसायीहरूलाइ करको दायरामा आउन प्रोत्साहन गर्ने उद्देश्यले मित २०८०।०२।२९

गत्तेका दिन GIZ  को सहयोगमा दुल्लू नगरपालिका, दुल्लू उद्योग वाणिज्य संघ र स्थानीय व्यवसायीहरु विच अन्तरक्रिया कार्यक्रम संचालन गरियो ।

११.१५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) मा भएको व्यवस्थालाई कार्यान्वयनको प्रयास स्वरुप दुल्लू नगरपालिकामा रहेका सामुदायिक वनहरुको वनपैदावार विक्रि वितरणबाट भएको अम्दानीको १० प्रतिशत रकम दुल्लू नगरपालिकामा जम्मा गर्ने व्यवस्थाको सुरूवात गरिएको छ, जसले गर्दा दुल्लू नगरपालिकाको राजस्वमा रु ९० हजार ५ सय ७५ थपिएको छ ।

११.१६. न्यायिक समितिका २१ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न २० वटा उजुरी माथि छलफल गरी आवश्यक कारवाही गरिएको जसमध्ये ८ वटा उजुरी फर्छौट भइ लगत कट्टा गरिएको छ ।

११.१७. वडा स्तरमा स्थापना गरिएका मेलमिलाप केन्द्रहरुबाट मेलमिलाप गर्ने कार्यको थालनी गरिएको छ ।

११.१८. सम्पूर्ण वडाका वडा अध्यक्ष सहित २ जना मेलमिलापकर्ता र सरोकारवालाहरुलाई न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय निरुपण सम्बन्धी १ दिने अभिमुखिकरण सञ्चालन गरिएको छ ।

११.१९. न्यायिक समितिले कार्य सम्पादनका शिलशिलामा आफ्नो कामलाई थप प्रभावकारी र सेवा पुर्याउने हेतुले दुल्लू नगरपालिकाको सम्पूर्ण वडामा रहेको मेलमिलापकेन्द्र तथा मेलमिलापकर्ताहरुको कार्य प्रगतिको अनुगमन गरी देखिएका समस्या र चुनौतीहरुको समाधानको प्रयास गरिएको छ ।

११.२०. नगरपालिका स्तरमा सार्वजनिक सम्पत्तिको व्यवस्थित लेखाङ्कन र प्रतिवेदन गर्न चालु आर्थिक वर्षमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को पूर्णरुपमा लागु गरिएको छ ।

११.२१. दुल्लू नगरपालिकाले गत आर्थिक वर्षको असारमा चालु आर्थिक वर्षमा लिइएको नीतिमा आर्थिक प्रशासनतर्फ खर्च लेखाङकन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयद्धारा निर्मित स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली ) SuTRA को पूर्णरुपमा कार्यान्वयन गरिएको छ ।

११.२२. चालु आर्थिक वर्षमा हालसम्म भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न तथा सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्ने हेतुले लागु गरिएको EFT(Electronic Fund Transfer) System बाट ५०६७ कारोबार नम्बरबाट ४० करोड ९८ लाख ६८ हजार १ सय ५८ रुपैंया पैसा ५८ वरावरको सफल कारोवार गरिएको छ ।

**११.२३.** शून्य बेरूजु नीति अन्तर्गत नगरपालिकाले आफ्नै आन्तरिक लेखापरीक्षकबाट नियमित चौमासिक रुपमा आलेप गर्ने गरेको छ भने अन्तिममा समग्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन जारी गर्ने गरिएको छ साथै गत आवको महालेखाको डोर समक्ष रु ३ करोड ६४ लाख ७६ हजारको सम्परीक्षणको लागि पेश गरेकोमा रु ७९ लाख ५३ हजार रकम असुल सम्परीक्षण भएको छ भने प्रारम्भिक प्रक्रियाबाट रु ७१ लाख ५१ हजार ५६६ गरी १ करोड ५१ लाख ४ हजार ५६६ रकमको वेरुजु सम्परीक्षण भएको छ ।

११.२४. नगरपालिकाको कानुन बमोजिम कन्टिजेन्सी, संघ र प्रदेश कानुनले तोकेको कार्यक्रम बाहेक अन्य कार्यक्रमको हकमा २.५ प्रतिसत, ५ लाख भन्दा माथिका योजनाको हकमा २ प्रतिशत मर्मत सम्भार कोष कट्टी र पुँजिगत योजना तथा कार्यक्रमको हकमा १ प्रतिशत प्रकोप व्यवस्थापन कोष कट्टी गरी आयोजनागत कट्टी अनुसार सम्बन्धित कोषलाई SuTRA System बाट लेखाङकन गरीएको छ ।

११.२५. कन्टिजेन्सी खर्च गर्दा पहिले खर्च गर्ने म्यानुवल प्रणाली कोष प्रणाली खारेज गरी आयोजनागत कन्टिजेन्सी खर्च गर्ने व्यवस्था लागु गरिएको छ ।

११.२६. शाखाले अघि सारेको सेवा प्रवाहको सिद्धान्त अन्तर्गत One day in-out service लाई निरन्तरता दिईएको छ ।

११.२७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA मा ७९ अंक प्राप्त गरि जिल्लाकै दोश्रो स्थानमा रहेको छ ।

११.२८. GIZ को सहयोगमा नगरपालिकाका वडा नं. ४, ७ र ८ लाई नमुना वडा छनौट भई डिजिटलाईजेसन कार्य सुरुवात भएको छ ।

११.२९. डिजिटलाईजेसन कार्यमा एकीकृत मोवाईल एप, कागजात व्यवस्थापन र अनुगमन प्रणालीको विकास भई सञ्चालनको चरणमा रहेको छ ।

११.३०. विपद सूचना ब्यवस्थापन प्रणाली को लागि एक छुट्टै विपद सूचना ब्यवस्थापन BIPAD Portal को विकास गरी संचालनमा रहेको छ ।

११.३१. अनलाईन सिफारिस प्रणालीको विकास गरिएको छ ।

११.३२. वित्तीय जोखिम मुल्यांकनमा सूधार भई ७१ अंक प्राप्त गरिएको छ ।

**सभाध्यक्ष महोदय**

अव म चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा सामाना गर्नु परेका समस्याहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) भौतिक पूर्वाधारका योजना निर्माण गर्दा उपभोक्ता समितिसंग ढिलो सम्झौता हुनु र कार्यक्रम सम्पन्न गरी आ.व.को अन्तिम दिनमा मात्र भुक्तानीका लागि फाइल पेश गर्नु ।

ख) विकास निर्माणमा जन सहभागीको कमजोर स्थिति भएको ।

ग) संघ र प्रदेशबाट प्राप्त कार्यक्रमहरुमा रकम अप्रयाप्त हुदाँ नगरपालिकालाई थप भार परेको ।

घ) वाल विकास कर्मचारी, विद्यालय कर्मचारी तथा शैक्षिक गुणस्तर शिर्षकबाट नियुक्त गरिएका शिक्षकहरु लगायतको तलब भत्ता वित्तीय समानीकरण अनुदानबाट खर्च गर्न नमिल्ने र नगरपालिकाको आन्तरिक आम्दानी न्यून भएको कारण समस्या उत्पन्न भएको ।

ङ) पूर्व सम्भाव्यता र लागत लाभ विश्लेषण विना योजना छनौट गरी कार्यान्वयन गर्नाले अपेक्षित उपलब्धि हासिल हुन नसक्नु ।

च) अत्याधिक टुक्रे योजना हुने भएकाले गुणस्तरीयता कायम गर्न र योजनाको सम्पूर्ण कार्य पुरा गर्न कठिन हुनु ।

छ) समयमै खरिद सम्झौता नगर्नु, सम्झौता अनुसार काम नहुनु, समयमै अनुगमन मुल्यांकन नगरिनु, अनुगमनका क्रममा दिईएका सुझावहरु उपभोक्ता र निर्माण व्यावासीले पालना नगर्नु आदि कारणबाट समयै योजना सम्पन्न गर्न ढिलाई हुनु ।

ज) दक्ष कामदारको अभाब हुनु ।

झ) विगत वर्षहरुमा गरिएका अधुरा कामहरुको जिम्मेवारी लिनुपर्ने अवस्था हुनु ।

**सभाध्यक्ष महोदय**

अब म अगामी आर्थिक वर्ष २०८०।०८१ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु । वजेटका उद्देश्य निम्नानुसार प्रस्तुत गरेको छु ।

क) आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रगत योजनाको निर्माण कार्यमा नागरिकहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गर्ने गरी अन्तरसम्वन्धित गराई दिगो विकासको अवधारणा अनुसारका संरचनाहरु निर्माण गर्ने ,

ख) नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य उपलव्धी हासिल गर्न संस्थागत विकास लगायत जनशक्ति विकास र क्षमता विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

ग) व्यवसायिक कृषि खेती र पशुपालन गर्न कृषकहरुलाई प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रमहरुको निर्माण गरी आयात प्रतिस्थापन र निर्यात व्यवस्थापन कार्यमा जोड दिने,

घ) नगरपालिका क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास, प्रबर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने,

ङ) लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तिकरण गरी समावेशी एवं समन्यायिक विकासको माध्यमवाट रोजगारीको अवसर श्रृजना गर्ने,

च) नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको साझेदारीमा नगरपालिकाका ठूला पूर्वाधार विकासमा जोड दिने,

छ) सार्वजनिक श्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नविन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

बजेट तथा कार्यक्रमका माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नको लागि देहाय अनुसारका प्राथमिकताहरु प्रस्तुत गरेको छु ।

क) दिगो विकासका अवधारणा अवलम्वन गर्दै प्रयोगकर्तामैत्री पूर्वाधार निर्माण,

ख) पूर्वाधार निर्माणका लागि अन्तर सरकार तथा विकास साझेदारहरुसँग साझेदारी प्रवर्द्धन,

ग) सामाजिक चेतना, नागरिक सशक्तिकरण, सामाजिक न्याय र समावेशीकरण,

घ) सुशासन प्रवर्द्धन र गुणस्तरीय र पहुँचयोग्य सार्वजनिक सेवा,

ङ) कृषिमा आधुनिकीकरण तथा यान्त्रिकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि,

च) धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटन प्रवर्द्धन र प्रचार प्रसार,

छ) प्रविधिमैत्री, सिपमूलक, आयमूलक तथा जिवनोपयोगी शिक्षा,

ज) वातावरण संरक्षण तथा विपद, जोखिम व्यवस्थापन,

झ) स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धिका लागि स्वास्थ्य पूर्वाधार, जनशक्ति विकास र संस्थागत सुदृढीकरण,

ञ) आन्तरिक आयमा वृद्धि,

**सभाध्यक्ष महोदय,**

**सम्मानित सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१२. दुल्लू नगरपालिकाको प्रशासनिक कार्यसंचालनको लागि नगरकार्यपालिको कार्यालय तर्फ कर्मचारी तलब भत्ता, पदाधिकारी/जनप्रतिनिधि सुविधा मसलन्द तथा कार्यालय संचालन, इन्धन, बैठक भत्ता, सभा संचालन खर्च, सवारी साधन/मेशिनरी औजार मर्मत सम्भार, क्षमता विकास तालिम संचालन,

अतिथि सत्कार, सुचना तथा संचार, पत्रपत्रिका, सुचना प्रकाशन तथा विज्ञापन, विभिन्न पुस्तक छपाइ तथा प्रकाशन, अनुगमन तथा मुल्याङकन खर्च, कर्मचारी कल्याणकारी कोष, सेवा परामर्श खर्च, फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार, गाडी भाडा लगायतका अन्य चालु प्रकृतिका उल्लेखित कार्यक्रम संचालनको लागि रू.१० करोड ९५ लाख ४३ हजार विनियोजन गरेको छु ।

१३. दुल्लू नगरपालिका अन्तर्गतका विभिन्न बिषयगत शाखाको शाखा व्यवस्थापन तथा कार्यक्रम संचालनका लागि रू. १ करोड ७२ लाख विनियोजन गरेको छु । जस अन्तर्गत शाखाको विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिलः

| क्र.सं. | शाखाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | दुल्लू अस्पताल | ८० लाख |
| २ | दुल्लू आर्युवेद औषधालय | ५ लाख |
| ३ | पशुपंक्षी विकास शाखा | ८ लाख |
| ४ | कृषि विकास शाखा | ८ लाख |
| ५ | आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा | ८ लाख |
| ६ | शिक्षा, युवा तथा खेलकुद शाखा | १५ लाख |
| ७ | लैङगिक समानता तथा सामाजिक समावेशिकरण शाखा | ८ लाख |
| ८ | विपद व्यवस्थापन शाखा | २ लाख |
| ९ | राजश्व शाखा | ५ लाख |
| १० | पञ्जीकरण शाखा | २ लाख |
| ११ | न्यायिक समिति तर्फ | ८ लाख |
| १२ | सहकारी विकास तथा प्रवर्द्धन | २ लाख |
| १३ | सामुदायिक आखाँ उपचार केन्द्र | ८ लाख |
| १४ | संस्कृति पर्यटन तथा ललितकला प्रवर्द्धन | ३ लाख |
| १५ | बहुक्षेत्रिय पोषण कार्क्रम | ५ लाख |
| १६ | लघु उद्यम कार्यक्रम साझेदारी | ५ लाख |

१४. नगरपालिकाकाको साझेदारीमा संचालित पंचकोशी बहुप्राविधिक शिक्षालय दुल्लू व्यवस्थापन अनुदान रू. १५ लाख, नरेश्वर उद्यमशिल विद्यालय संचालन अनुदान रू.१२ लाख ५० हजार, पंचकोशी वेद विद्याश्रम संचालन अनुदान रू.१० लाख र दुल्लू साँस्कृतिक संग्राहलय संचालन अनुदान तर्फ रू.३ लाख गरी रू.४० लाख ५० हजार विनियोजन गरेको छु ।

१५. दुल्लू नगरपालिका भित्र विशेष र आकस्मिक लक्षित कार्यक्रम संचालनका लागि रू.६५ लाख विनियोजन गरेको छु । लक्षित कार्यक्रम अन्तर्गत महिला लक्षित कार्यक्रमको लागि रू.५ लाख,

दलित लक्षित कार्यक्रमको लागि रू.५ लाख, बालबालिका लक्षित कार्यक्रमको लागि रू.३ लाख, आदिवासी जनजाति लक्षित कार्यक्रमको लागि रू.२ लाख, युवा तथा खेलकुद लक्षित कार्यक्रमको लागि रू.४ लाख, जोखिममा परेका बालबालिकाका लागि सहयोग तर्फ रू.३ लाख, आकष्मिक स्वास्थ्य सहयोग कार्यक्रमको लागि रु.५ लाख, अपाङ्ग लक्षित कार्यक्रमको लागि रू.३ लाख तथा **जनतासँग प्रमुख कार्यक्रम तर्फ रू.२० लाख** र **जनतासँग नगर उपप्रमुख कार्यक्रम तर्फ रू.१५** लाख विनियोजन गरेको छु ।

१६. दुल्लू नगरपालिकाको आकस्मिक विपद् व्यवस्थापन कोषको लागि रू.१० लाख र आकस्मिक मर्मत सम्भार कोषको लागि रू.१० लाख विनियोजन गरेको छु ।

१७. स्वास्थ्य क्षेत्र तर्फ स्वास्थ्य संस्थामा नि:शुल्क वितरण गरिने मानसिक समस्याको औषधी समेत औषधी खरिद तर्फ रु. १५ लाख, गर्भवती महिलाका लागि नि: शुल्क एम्बुलेन्स सेवा (रिफर गर्नुपर्ने अवस्थामा मात्र) का लागि रू.१ लाख विनियोजन गरेको छु ।

१८. दुल्लू नगरपालिकाको गौरवको आयोजना अन्तर्गत विद्युतीकरण कार्यक्रमका लागि रु ४० लाख विनियोजन गरेको छु ।

१९. दुल्लू नगरपालिका वडा नं.१३ को मालिका स्वास्थ्य चौकीको सेवालाई व्यवस्थित गर्ने मालिका स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिदका लागि रु. २० लाख विनियोजन गरेको छू ।

२०. दुल्लू नगरपालिकामा आगामि आर्थिक वर्ष २०८०।०८१ को लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाको साझेदारीमा संचालन हुने योजना तथा कार्यक्रम कार्यान्वयनका लागि रु. ३ करोड ३८ लाख ५९ हजार विनियोजन गरेको छु । जस अन्तर्गत तपसिल बमोजिम विनियोजन गरिएको छ

<u>तपसिल:</u>

| क्र.सं. | साझेदारीको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | संघ सरकार/प्रदेश सरकार समपुरक अनुदान साझेदारी | १ करोड |
| २ | स्थानीय पुर्वाधार सहयोग कार्यक्रम(lisp) | १ करोड |
| ३ | ग्रेप्स परियोजना | १० लाख |
| ४ | सिएमसि नेपालसँगको साझेदारी | ८ लाख |
| ५ | सडक बोर्ड नेपालसँगको साझेदारी | २० लाख |
| ६ | नवप्रवर्द्धन साझेदारी | २५ लाख |
| ७ | अन्य साझेदारी | ३५ लाख ५९ हजार |

| | | |
|---|---|---|
| ८ | नगरपालिका विविध आकष्मिक योजना संचालन | ४०लाख |

२१. दुल्लू नगरपालिका भित्रका १३ वटै वडामा न्युनतम अनुदान, जनसङ्ख्या, भुगोल र राजश्व उठाउन सक्ने क्षमताको आधारमा सुत्रमा आधारित बजेट अनुदान रकम वडास्तरीय योजना कार्यान्वयनका लागि पुँजिगत तर्फ रू.७ करोड ६२ लाख र कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च तर्फ प्रति वडा ६ लाखको दरले रू. ७८ लाख चालु खर्च गरी जम्मा रू. ८ करोड ४० लाख विनियोजन गरेको छु । वडाको कार्यालय संचालन खर्च तथा वडास्तरीय योजना संचालनको लागि तपसिल बमोजिमको वडागत रकम विनियोजन गरेको छु ।

तपसिलः

| क्र.सं. | वडा | विनियोजित रकम |
|---|---|---|
| १ | दुल्लू नगरपालिका वडा नं.१ | ६३ लाख |
| २ | दुल्लू नगरपालिका वडा नं.२ | ६२ लाख |
| ३ | दुल्लू नगरपालिका वडा नं.३ | ७० लाख |
| ४ | दुल्लू नगरपालिका वडा नं.४ | ५७ लाख |
| ५ | दुल्लू नगरपालिका वडा नं.५ | ६६ लाख |
| ६ | दुल्लू नगरपालिका वडा नं.६ | ७३ लाख |
| ७ | दुल्लू नगरपालिका वडा नं.७ | ४८ लाख |
| ८ | दुल्लू नगरपालिका वडा नं.८ | ६६ लाख |
| ९ | दुल्लू नगरपालिका वडा नं.९ | ६७ लाख |
| १० | दुल्लू नगरपालिका वडा नं.१० | ६४ लाख |
| ११ | दुल्लू नगरपालिका वडा नं.११ | ७२ लाख |
| १२ | दुल्लू नगरपालिका वडा नं.१२ | ६१ लाख |
| १३ | दुल्लू नगरपालिका वडा नं.१३ | ७१ लाख |
| कुल जम्मा | | ८ करोड ४० लाख |

२२. नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई आएका सर्शत अनुदान, विशेष अनुदान र समपुरक अनुदान तर्फ निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्राप्त रू.४६ करोड ६० लाख ५ हजार विनियोजन गरेको छु । जस मध्येका केही मुख्य–मुख्य निर्धारित आयोजना तथा कार्यक्रम तपसिल बमोजिम रहेको छ ।

तपसिलः

| क्र.सं. | आयोजना तथा कार्यक्रम | विनियोजित रकम | बजेट स्रोत |
|---|---|---|---|
| १ | पन्चकोशी बहु प्राबिधिक शिक्षालयको भौतिक पुर्वाधार निर्माण(क्रमागत) | ९० लाख | समपुरक अनुदान संघ |

| | | | |
|---|---|---|---|
| २ | दुल्लु अस्पताल पूर्वाधार विकाश दु न पा ५ | ५० लाख | समपुरक अनुदान संघ |
| ३ | नरेश्वर उद्यमशील विधालय भौतिक पूर्वाधार निमाणा दु न पा २ | ८० लाख | विशेष अनुदान संघ |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६० लाख ८ हजार | संघ सर्शत अनुदान |
| ५ | शिक्षा तर्फको तलब भत्ता तथा विद्यालय अनुदान तर्फ | २६ करोड ६४ लाख | संघ सर्शत अनुदान |
| ६ | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | ६ लाख | संघ सर्शत अनुदान |
| ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | ५७ लाख | संघ सर्शत अनुदान |
| ८ | लघु उद्यम विकास कार्यक्रम | १३ लाख | संघ सर्शत अनुदान |
| ९ | दैलेख जिल्ला दुल्लु न.पा. १३ दह छारेडाडा बेकुरेकोट सडक स्तरोन्नती कार्य। | ५० लाख | संघ सर्शत अनुदान |
| १० | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ५५ लाख | संघ सर्शत अनुदान |
| ११ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४ लाख | संघ सर्शत अनुदान |
| १२ | स्वास्थ्यसंस्थामा कार्यरत कर्मचारीहरूको तलब भत्ता तथा स्वास्थ्य सेवासँग सम्बन्धित विभिन्न कार्यक्रम संचालन खर्च तर्फ | ७ करोड ९६ लाख | संघ सर्शत अनुदान |
| १३ | प्राकृतिक स्रोत व्यवस्थापन कलेज छात्र/छात्राबास निर्माण | ४७ लाख | प्रदेश समपुरक अनुदान |
| १४ | पंचकोशी बहुप्राविधिक शिक्षालय भौतिक पुर्वाधार निर्माण | ५० लाख | प्रदेश समपुरक अनुदान |
| १५ | दुल्लू इन्जिनियरिङ कलेज | ५० लाख | प्रदेश समपुरक अनुदान |
| १६ | नमुना टोल र वडा घोषणाका लागि पोषण सम्बन्धी कार्यक्रम १३ वटै वडामा | ३० लाख | प्रदेश विशेष अनुदान |
| १७ | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १३ वटा योजनाहरू | १ करोड ९६ लाख ८० हजार | प्रदेश सर्शत अनुदान |
| १८ | सरस्वतीदेवी मावि भवन निर्माण दु न | २० लाख | प्रदेश सर्शत अनुदान |

| | | | |
|---|---|---|---|
| | पा १३ | | |
| १३ | खालिखेत मसनडाँडा खानेपानी योजना दुल्लू १० | १५ लाख | प्रदेश सर्शत अनुदान |
| १४ | सहिद पुर्ण स्मृती सामुदायिक अस्पताल पुर्वाधार निर्माण दूल्लू दैलेख | १५ लाख | प्रदेश सर्शत अनुदान |
| १५ | पंटाङगिनि साहुवाडा पाप्रिखाल सडक स्तरोन्नती दुल्लू ८ दैलेख | १५ लाख | प्रदेश सर्शत अनुदान |
| १६ | तल्लो डुङगेश्वर खर्चेगैरा हाडेआवत बैक सडक स्तरोनन्नती दुल्लू १, ६ र १३ दैलेख | १५ लाख | प्रदेश सर्शत अनुदान |
| १७ | श्रीस्थान विजौरा मुल्की गमौडीसम्म सडक स्तरोन्नती दुल्लू १० दैलेख | १५ लाख | प्रदेश सर्शत अनुदान |
| १८ | माझगाँउ खानेपानी तथा सिमखेत, बटला पोखरी निर्माण आयोजना दुल्लू नपा १३ | १५ लाख | प्रदेश सर्शत अनुदान |
| १९ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोशेली कार्यक्रम | २२ लाख ७५ हजार | प्रदेश सर्शत अनुदान |
| २० | स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन | १३ लाख ८० हजार | प्रदेश सर्शत अनुदान |
| २१ | कृषि तर्फ विभिन्न कार्यक्रम संचालन | ३ लाख ७० हजार | प्रदेश सर्शत अनुदान |

२३. नेपाल सरकारको कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको लागि रु २० करोड विनियोजन गरेको छु ।

२४. दुल्लू नगरपालिका भित्र संचालन हुने विभिन्न विकास आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउनका लागि सवारी साधन खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय ,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

२५. दुल्लू नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि कुल बजेट मध्ये ७० करोड १० लाख ९३ हजार चालु तर्फ र पुँजिगत तर्फ २२ करोड ७२ लाख ६३ हजार २७ रुपैया गरी कुल ९२ करोड ८३ लाख ५६ हजार २७ रुपैया को बजेट पेश गरेको छु । जसमध्ये

चालु खर्च तर्फ ७५।५२ प्रतिशत र पुँजिगत तर्फ २४।४८ प्रतिशत विनियोजन गरिएको छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा १४।३५ प्रतिशतले कम र चालु आ.व.को संशोधित अनुमानको तुलनामा २२।६२ प्रतिशतले कम हो ।

२६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारको समानीकरण अनुदान बाट रु. १२ करोड ३९ लाख, सर्शत अनुदानबाट रू.३८ करोड १६ लाख, विशेष अनुदानबाट ८० लाख, समपुरक अनुदानबाट १ करोड ४० लाख र राजश्व बाँडफाँडबाट रू. १२ करोड ११ लाख ४३ हजार गरी रू. ६४ करोड ८६ लाख ४३ हजार व्यहोरिनेछ ।

२७. त्यस्तै, कर्णाली प्रदेश सरकारको समानिकरण अनुदान तर्फबाट रू. १ करोड ४५ लाख ८२ हजार, सर्शत अनुदानबाट रू. ३ करोड ४७ लाख ५ हजार, विशेष अनुदानबाट ३० लाख, समपुरक अनुदानबाट रू. १ करोड ४७ लाख र राजश्व बाँडफाँडबाट रू. २१ लाख २६ हजार २७ रूपैया गरी जम्मा रू. ६ करोड ९१ लाख ६५ हजार २७ रूपैयाँ व्यहोरिनेछ ।

२८. त्यस्तै, नेपाल सरकारको वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमबाट २० करोड र गरिबसँग विशेश्वर कार्यक्रमबाट रू.६ लाख व्यहोरिनेछ । न्युन १ करोड दुल्लू नगरपालिकाको आन्तरिक राजश्वबाट ७५ लाख र मालपोत कार्यालयबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशनबाट २५ लाख व्यहोरिनेछ ।

२९. आर्थिक वर्ष २०७८।०७९ को यथार्थ खर्च, आर्थिक वर्ष २०७९।०८० को संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०८०।०८१ को अनुमानित आय व्ययको विवरण अनुसुचिमा प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष महोदय ,**

अब म आगामी आर्थिक बर्ष २०८०।०८१ को राजस्व परिचालनको नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३०. कर प्रणालीलाई आर्थिक र सामाजिक न्यायका लागि उपयोग गर्ने नीति लिइनेछ । शिक्षा, स्वास्थ्य लगायतका आधारभुत सेवा सुविधामा लगानी वृद्धि एवम् नागरिकको पहुँच विस्तार गरी जीवनस्तरमा सुधार ल्याउन, नगरको पुर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन र नागरिक हित एवम् सामाजिक–आर्थिक न्याय प्रत्याभूत गर्न राजश्व परिचालनलाई दीगो, भरपर्दो, व्यवस्थित र अनुमानयोग्य बनाउनु राजश्व नीतिको मुख्य उदेश्य हुनेछ । उपयुर्क्त उदेश्य हासिल गर्न देहाय बमोजिमको राजश्व नीति अवलम्बन गरिनेछ ।

क) करको दायरालाई विस्तार गर्न अनौपचारिक रुपमा संचालनमा रहेका सबै प्रकारका ब्यवसायलाई दर्ता तथा अभिलेखिकरण गरी नगरपालिका वाट प्रवाह हुने सेवा सँग आवद्ध गरिने छ । साथै नगरपालिका भित्र संचालनमा रहेका सम्पुर्ण उद्योग ब्यावसायलाई

औपचारिक रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुबिधा प्रदान गर्न कर संकलनका लागि घुम्ती शिविर संचालन गरिने छ ।

ख) नगरपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजस्व चुहावट नियन्त्रण प्रभावकारी वनाईनुका साथै मुल्याङ्कनमा आधारित सम्पत्ति कर घोषणाको नीति अवलम्वन गरिनेछ ।

ग) नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार भई कार्यान्वयनमा रहेको र यसमा थप राजश्वका क्षेत्रहरु पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्न सोही कार्ययोजना लाई कार्यान्वयन गरी आन्तरिक राजश्व बृद्धि गर्न आवश्यक ऐन कानुन र नियमावली बनाईनेछ ।

घ) कर तथा गैरकर सम्वन्धी ऐन तर्जुमा गरी राजश्व प्रणालीलाई सुदृढीकरण गरिने छ ।

ङ) राजश्वका दायरालाइ फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्द्धनकारी क्षेत्रको पहिचान गरिनेछ ।

च) दुल्लू नगरपालिकासँग सिमाना जोडिएका अन्य स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी दुल्लू नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न नदी तथा घाटहरूबाट राजश्व अभिवृद्धिका लागि प्रचलित कानून बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गर्ने गराउने नीति अवलम्वन गरिनेछ ।

छ) दुल्लू नगरपालिकाको कर राजश्वको अभिलेख अद्यावधिक गरी राजश्व असुलीलाइ थप प्रभावकारी बनाइनेछ ।

सभाध्यक्ष महोदय,

सम्मानित सभाका सदस्य ज्यूहरु

३१ प्रस्तुत वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समृद्ध दुल्लू नगरपालिका निर्माण गर्नमा सहयोग तथा सहकार्यका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

३२ अन्त्यमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधी ज्यूहरु, विषयगत समितिका संयोजक एवम् सदस्य ज्यूहरु, नागरिक समाज, पत्रकार ज्यूहरु, विभिन्न विकास साझेदार निकाय तथा कर्मचारी मित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । बजेट

तथा कार्यक्रमको तर्जुमा कार्यमा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत, विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**